# कालिका नगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७

सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरुको समायोजन भई कालिका नगरपालिकामा काम काज गर्न खटाइए पश्चात् साविकको स्थानीय निकायको सेवामा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुको बढुवा नहुँदा स्थानीय सेवाका समग्र कर्माचारीको वृत्ति विकास अवरुद्द भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कालिका नगरपालिका स्थानीय सेवामा कार्यरत रहेका र अन्य स्थानीय निकायबाट सरुवा, समायोजन तथा पदस्थापन भएका कर्मचारीहरुको समायोजन तथा बढुवा गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “कालिका नगरपालिका कर्मचारी समायोजन तथा ब्यबस्थापन ऐन, २०७७” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-**

(क) “ऐन“ भन्नाले कालिका नगरपालिकाको कर्मचारी समायोजन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ लाई सम्झनु पर्छ।

(ख) “कर्मचारी“ भन्नाले तत्कालिन स्थानीय निकायको रुपमा रहेको कालिका नगरपालिकाको स्वीकृत दरवन्दीमा सेवा प्रवेश गरी हाल कार्यरत स्थायीवा अन्य स्थानीय निकायबाट समायोजन हुँदा बढुवा नभई कालिका नगरपालिकामा पदस्थापना भएका यो ऐन जारी हुँदाका बखत स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

(ग) “कार्यपालिका” भन्नाले कालिका नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस ऐन र नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनुपर्छ।

(ङ) "नगर सभा" भन्नाले कालिका नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ वमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(छ) "स्थानिय सेवा" भन्नाले कालिका नगरपालिकामा रहेका कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ।

(ज) "नगरपालिका" भन्नाले कालिका नगरपालिकालाई सम्झनुपर्छ।

(झ) "स्थानीय कानुन" भन्नाले कालिका नगरपालिकाबाट जारी भएका कानुनलाई सम्झनु पर्छ।

३. **स्थानिय सेवाका कर्मचारी समायोजन तथा व्यवस्थापन गर्ने:**

(१) साविकको स्थानीय निकायको रुपमा नगरपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा नियुक्ति भई नगर पालिकामा सरुवा, समायोजन, पदस्थापन भएका र यो ऐन जारी हुँदाका बखत कालिका नगरपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको बढुवा र समायोजन गरिनेछ।

(२) उपदफा (१) बमोजिम तत्कालिन स्थानीय निकायको रुपमा रहेको कालिका नगरपालिकाको स्वीकृत दरवन्दीमा सेवा प्रवेश गरी यो ऐन लागुहुदाका मिती सम्म कम्तीमा पाँचवर्ष स्थायी रुपमा कार्यरतर अन्य स्थानिय निकायको स्वीकृत दरवन्दीमा स्थाई रुपमा सेवा प्रवेश गरीहाल कायम रहेको पदमा सम्बन्धित स्थानिय निकायमा स्थाइ नियुक्ती भएको मितिबाट यो ऐन लागू हुदाका मिती सम्म कम्तीमा पाँच वर्ष स्थायी रुपमा कार्यरत तर समायोजन हुँदाका बखत बढुवा नभई कालिका नगरपालिकामा समायोजन, सरुवा र पदस्थापन भएका कर्मचारीहरुको समायोजन तथा बढुवा देहाय वमोजिम हुनेछ।

वोधार्थ:
श्री सघींय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिहदरवार।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, वागमती प्रदेश, हेटौंडा।
श्री कर्मचारी संचय कोष, ठमेल।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।
श्री आर्थिक प्रशासन शाखा, कालिका नगरपालिका ।

**आज्ञाले**
**अच्युतराज रेग्मी**
**प्रमुख प्रशासकीय अधिकृत**





| क्र.स. | साविकको तह | समायोजन तथा बढुवा पश्चाात कायम हुने तह | पद नाम | कैफियत |
|---|---|---|---|---|
| १. | सहायकस्तर तृतिय | सहायकस्तर चौथो | सहायकचौथो | |
| २. | सहायकस्तर चौथो | सहायकस्तर पाचौ | सहायक पाचौ | |
| ३. | सहायकस्तर पाचौ | अधिकृतस्तर छैठौं | अधिकृत छैठौं | |
| ४. | अधिकृतस्तर छैटौं | अधिकृतस्तर सातौं | अधिकृत सातौं | |

(३) उपदफा (२) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समूह जनाई पदनाम कायम हुनेछ ।

(४) यस दफा वमोजिम नगरपालिका स्थानीय सेवाका कार्मचारी समायोजन गर्दा कायम हुने तलव निजले साविकमा खाइपाई आएको तलव भन्दा कम हुने भएमा ग्रेड थप गरी तलव मिलान गरिनेछ।

(५) उपदफा (१) बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरुले समायोजनबाट कायम हुने तहका निम्ति तोकिएको तलबमान र सुबिधाहरु प्राप्त गर्नेछन्।

(६) उपदफा (२) बमोजिमको स्तरवृद्धि सम्बन्धी प्रावधान यो एक पटकका लागि मात्र लागु हुनेछ ।

(७) उपदफा (१) बमोजिम स्वीकृत दरवन्दीमा सेवा प्रवेश गरेका तर पाँच वर्ष भन्दा कम स्थायी रुपमा कार्यरत भएमा सोही पदमा समायोजन गरिनेछ:

**४. समायोजनको पत्र दिने:**

(१) यस ऐन वमोजिम समायोजन भए पश्चात् नगरपालिका स्थानिय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले समायोजन भएको पत्र दिनुपर्ने छ।

(२) उपदफा (१) वमोजिम दिइने पत्र अनुसूची-१ वमोजिमको हुनेछ।

५. **पदस्थापना गरिने**: दफा २ वमोजिम समायोजन भएका नगरपालिका स्थानीय सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात् पदस्थापना गर्नु अघि स्वत: पुल दरवन्दीमा कायम भएको मानिने छ । यसरी समायोजन भइ पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नु पूर्व यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

६. **संगठन तथा व्यवस्थापन** : नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी पुल दरवन्दीमा रहेका कर्मचारीहरुलाई उपयूक्त सेवामा पदस्थापन गर्नेछ।

७. **समायोजन भएका कर्मचारीको सेवा सुविधा**: यस ऐन वमोजिम समायोजन भएका स्थानिय सेवाका कर्मचारीहरुको तलव तथा अन्य सुविधा प्रचलित कानुनले तोके वमोजिम हुनेछ।

८. **जेष्ठताको गणना**:

(१) यस ऐन वमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता समायोजन हुनुपुर्वको तहमा काम गरेको अवधिलाई समायोजन भई कायम हुने पदका लागि गणना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम जेष्ठता गणना भएतापनि समायोजन पश्चातको पद बमोजिमको सेवा सुबिधा भने यो ऐन जारी भएपश्चात मात्र लागु हुनेछ ।

९. **आवश्यक व्यवस्था मिलाउने** : यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।





## अनुसूची १

### दफा ४ को उपदफा (२) सँग सम्बन्धित

### समायोजन पत्र

पत्र संख्या:

चलानी नं. मिति:......................

श्री...............................

...................................

**विषयः समायोजन सहित बढुवा गरिएको सम्बन्धमा।**

“कालिका नगरपालिका कर्मचारी समायोजन तथा ब्यबस्थापन ऐन, २०७७” मा भएको व्यवस्था बमोजिम................................ देखि जेष्ठता गणना हुने तथा आजैका मिति देखि लागु हुने गरी कालिका नगरपालिकाको तपसिल बमोजिमको पद तथा तहमा समायोजन सहित बढुवागरी पदस्थापना गरि एको छ। आफूलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारिपूर्वक सम्पादन गर्नुहुनेछ भन्ने अपेक्षा गरिएको छ।

**तपसिल**

| हाल कार्यरत पदको विवरण | समायोजन गरिएको विवरण |
|---|---|
| पद: | पद: |
| तह: | तह: |
| सेवा: | सेवा: |
| समूह: | समूह:- |
| नियूक्ति मिति: | |

समायोजन हुनु भएकोमा बधाई छ।

................................

(........................)

प्रमुख प्रशासकीय अधिकृत